# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

च.नं. १६२३ मिति २०७८/३/१

विषय :- वडागत वार्षिक कार्यक्रम तयारी (वजेट सिलिङ्ग) सम्बन्धमा ।

श्री शितगंगा नगरपालिका

१-१४ वडा कार्यालय, ......शितगंगा......अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा त्यस वडा अर्न्तगत आगामि आ.व. २०७८/०७९ को लागि तोकिएको ढाँचामा तपशिलका मापदण्ड/मार्गदर्शनको अधिनमा रही योजना/कार्यक्रम प्रस्ताव गरी पठाउन भनि यस कार्यालयको मिति २०७७/१२/१० को पत्रबाट पठाईएकोमा पुन केही आधार नीतिहरु संसोधन भएकोले पठाईएको छ । सोही बमोजिम मिति २०७८ आषाढ ६ भित्रमा यस कार्यालयमा पेश गर्नुहुन आदेशानुसार अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

(क) **पूर्वाधार सम्बन्धी** :-

१. निर्मित पूर्वाधारको (सडक) स्तरोन्नती गरी सवै मौसममा सवारीका साधन संचालन हुन सक्ने बनाइने छ ।

२ निम्न सडक पूर्वाधारहरुलाई नगरको गौरवको आयोजनाको रुपमा संचालन भई रहेकोलाई निरन्तरता दिईने छ ।

क. सितापुर सुवर्णखाल नेटापोखरा सडक (सहिद यज्ञ मिन स्मृती मार्ग)

ख. ठाडा- अमराई - जुकेना - देउराली - ऐरावती सडक (पतञ्जली मार्ग)

ग चाक्ला - बोहखर - पाँकुरी हुँदै धानखोलो सडक

घ पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातमारा भालुवाङ्ग (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग) - चाक्ला देउराली विक्रम सडक खण्ड

३ नगरपालिकाको भवन निर्माणको कार्य आगामी वर्ष भित्र सम्पन्न गर्ने गरी स्रोत विनियोजन गरिनेछ ।

४ वडा कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन बाँकी वडा कार्यालाय भवन निर्माण कार्य प्रारम्भ गरी सम्पन्न गरिनेछ ।

५ नगरभित्र उत्पादित कृषि उपजको संरक्षण एवं कृषिक्षेत्रमा व्यवसायिकरणको लागि निजी र सरकारी क्षेत्रको साझेदारी अवधारणामा (कोल्ड स्टोर्स) शितगृह निर्माणको संभाव्यता अध्ययन गरिनेछ ।

६ सवै बस्तीहरुमा खानेपानी एवं सरसफाई सुविधा प्राथमिकताको आधारमा संचालन गरिनेछ ।

७ कृषिको व्यवसायिकरणको लागि जनसहभागितामा आधारित सिंचाईको प्रवर्द्धन गरिनेछ ।

८. शौर्य सिंचाई प्रविधिमा आधारित सिंचाई योजना निर्माणमा समपुरक रकमको व्यवस्था गरिने छ ।

९ टोल वा बस्तीका ग्रामिण सडकहरुको स्तरोन्नतीको लागि लाभान्वित समुदायबाट ५ प्रतिशत श्रमदान सुनिश्चितता हुने गरी ९५ प्रतिशत रकम नगरपालिकाबाट व्यवस्था गरिनेछ ।

...कीय अधिकृत

१० छरिएको वस्तीलाई व्यवस्थित गरी पूर्वाधार निर्माण एवं आधाभूत सेवा प्रवाहमा सुनिश्चिताको लागि एकिकृत वस्ती विकासको लागि नेपाल सरकार, प्रदेश सरकार सगको समन्वयमा अगाडी बढाईने छ ।

११ श्रमदानको अतिरिक्त टोल बस्तीमा जाने ग्रामिण सडकहरु कम्तिमा २० फिट चौडाइको मापदण्ड तोकिएकोले बाटोको Alingment मा पर्ने जग्गामा जग्गाधनीहरुबाट निःशुल्क जग्गा उपलब्ध हुने सुनिश्चितताको लिखित कागजात पेश गर्नु पर्नेछ ।

१२ सडक स्तरोन्नतीको लागि बजेट निनियोजन गर्दा रु ५ लाख भन्दा ठूला योजनामा कम्तिमा ८० प्रतिशत रकम र रु ५ लाख भन्दा कमका सडक योजनामा कम्तिमा ५० प्रतिशत रकम मर्मत बाहेक स्टक्चर (नाला, कल्भर्ट, कजवे, मेशिनरीवाल, ग्राभेल वा जाली भर्ने आदि) मा काम गर्ने गरी लागत अनुमान तयार गरी कार्य सम्पादन गरिने छ ।

१३ श्रममा आधारित रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन योजना निर्माणको लागि खरिद गर्नु पर्ने निर्माण सामाग्री खरिद गरी उपलब्ध गराउने गरी वजेट व्यवस्था गरिने छ ।

### (ख) आर्थिक विकास

१ कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ ।

२ प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र संचालनको कार्यकमलाई थप विस्तार गरिनेछ ।

३ उत्पादनमा आधारित अनुदान वितरणलाई गत विगतको सिकाईबाट कार्यविधिमा परिमार्जन गरी थप प्रभावकारी हुने गरि निरन्तरता दिईनेछ ।

४. समुदायमा आधारित कृषि उपजको बजारीकरणको लागि निर्माणाधिन कोसेली घरको भरपुर उपयोग गरी वजारीकरणको व्यवस्था गराईनेछ ।

५. पशु विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ । पशु विकासको लागि गोठ/खोर सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिदैं नगरवासीलाई प्रमुख आय आर्जनको माध्यम बनाईने छ ।

६. सहकारीको प्रवर्द्धन गरी कृषि एवं पशु पालनमा सहयोग पुऱ्याइने छ ।

७. कृषि र पशु विकास मार्फत उत्पादन बढाई आत्मनिर्भर बनाउन कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन एक वडा एक कृषि वा पशु प्राविधकको व्यवस्था मिलाईने छ ।

### (ग) सामाजिक सेवा

१ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान विद्यालयहरु मर्ज, शिक्षक तालिम जस्ता कार्यकमहरुलाई आवश्यक्ता अनुसार निरन्तरता दिईने छ ।

२ प्रत्येक वडामा लिडिङ विद्यालय तोकी सो को संयोजनमा अन्य विद्यालयहरु वीच विद्यार्थी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

३ शिक्षण गुणस्तर सुधारको लागि विद्यालयमा पठनपाठनको निरन्तरता नियमितता, शिक्षकहरुको हाजिरी नियमित उपस्थिति आदिमा सुधारको लागि वडा समितिमा र विद्यालयको नियमित मासिक वैठक गरिनेछ ।

४ विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर जस्ता आधारभुत पूर्वाधारमा लगानी बढाइने छ ।

५ शैक्षिक गुणस्तर सुधारको लागि नगरभित्रका विद्यालयको उत्कृष्ठ विद्यालय एवं शिक्षक छनौट गरी पुरस्कृत एवं नगर शिल्ड उपलब्ध गराइने छ ।

७ नगर भित्र संचालन हुने सवै खेलकुदको लागि शिक्षा तथा खेलकुद शाखाबाट वार्षिक कार्यकम बनाई एकद्धार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुऱ्याइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

८ प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयमा अंग्रेजी माध्यमबाट पठन पाठन संचालनको लागि करार सम्झौता गरिनेछ ।

९ यस नगरपालिकाका ३५ वर्ष माथिका एकल महिला, ४० वर्ष माथिका एकल पुरुष र ग वर्गका अपाङ्गलाई माशिक भत्ताको व्यवस्था गरिने छ ।

१० नगर भित्र संचालनमा रहेका विद्युतिय लिफ्ट खानेपानी योजनाहरुको ७५ प्रतिशत विद्युत महशुल नगरपालिकाबाट भुक्तानी हुने व्यवस्था गरिने छ ।

### (घ) बन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन

१ पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री बनाइने छ ।

२ विपद न्यूनीकरणका, वातावरण संरक्षणको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३ हरेक वर्ष निर्माण भई रहेका रिचार्ज पुर्नभरण पोखरी निर्माण को कार्यलाई थप गरी बातावरण संरक्षण गरिने छ ।

४ पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ ।

५ विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषमा प्रयाप्त रकमको व्यवस्था गरी विपद व्यवस्थापन कार्य विधिको मापदण्ड बमोजिम एकद्वार माध्यमबाट विपद परेकाको तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन भई रहेकोलाई निरन्तरता दिईने छ ।

६. नर्सरी स्थापना गरी वृक्षारोपण कार्यकमलाई व्यापक वनाईने छ ।

७. सवै सामुदायिक वन उपभोक्ता समितिलाई नगरपालिकामा आवद्ध गराईने गरिने छ, नगरपालिकाबाट सा.व.को वार्षिक कार्यकम र वजेट स्वीकृत नगराई सा.व.हरुले कुनै पनि क्रियाकलाप सञ्चालनमा रोक लगाईने छ ।

८ सा.व.बाट काठ दाउरा जस्ता वन जन्य उपज विक्री वितरणमा नगरपालिको सहमती दिनु पर्ने कार्यलाई अनिवार्य बनाईने छ ।

### (ङ) सुशासन तथा संस्थागत विकास

१ सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि बनाइ लागू गरिनेछ । कर्मचारीहरुको आचार संहिता लागू गरिनेछ । पदाधिकारीहरुको लागि पारित मापदण्डको व्यापक प्रचार प्रसार गरिनेछ ।

२ कार्यपालिकाको निर्णय ४८ धण्टा भित्र सार्वजनिक गरिनेछ ।

३ प्रत्येक महिनाको आयव्यय विरवरण सार्वजनिक गरिनेछ । कार्यालयमा गुनासो पेटिका, गुनासो सुनुवाई संयन्त्र एवं नागरिक वडापत्र अध्यावधिक गरिने छ । उक्त अभ्यासलाई वडातह सम्म संस्थागत गरिनेछ ।

४ वार्षिक खरिद गुरुयोजना तयारी गरी सोको खरिद व्यावस्थापन गरिनेछ ।

५ लक्षित कार्यक्रम, सीपमुलक तालिम जस्ता कार्यक्रमहरु प्रभावकारी हुने र परिणाम देखिने गरी संचालन गरिनेछ ।

६ न.पा. तथा वडा बाट खरिद भएका जिन्सी सामग्रीहरुको अभिलेख सार्वजनिक गरिनेछ ।

७ जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासको लागि क्षमत विकास कार्यक्रम संचालन गरिनेछ ।

### आयोजना प्राथमिकिकरणका आधारहरुः-

आगामी आ.व.०७८/०७९ को लागि वार्षिक आयोजना प्राथमिकथा गर्न निम्न आधारहरु अवलम्बन गरिएको छ ।

१ निर्मित पुर्वाधारहरुलाई दिगो व्यवस्थापन मार्गदर्शन रुपमा संचालन गरिने ।

२ नगरगौरवका आयोजनालाई उच्च प्राथमिकरणका साथ सञ्चालन गरिने ।

प्रमुख प्रशासकीय अधिकृत

३ रोजगारी एवं स्वरोजगारीका उच्च संभावनायुक्त क्षेत्रहरु कृषि, पशुपालनलाई विशेष प्राथमिकरण गरिने ।

४ निर्मित संरचनाहरु (विद्यालय, स्वास्थ्यचौकी, खानेपानी आयोजना आदि) को मर्मत संभार एवं संचालनलाई विशेष महत्वका साथ संचालन गरिने ।

५ कृषि र पशुपालन व्यवसायमा आधारित कम्तिमा प्रत्येंक वडामा १ सहकारी संस्थाको स्थापना एवं संस्थागत विकास गरिने ।

६ महिला/आदिवासी जनजाती/अपाङ्ग/दलित/जेष्ठ नागरिक जस्ता लक्षित कार्यक्रमहरुको प्रभाव देखिने गरी संचालन गरिने ।

७ स्थानीय श्रम सीप स्रोत र साधनको अधिकतम परिचालन गरिने छ ।

८ श्रममा आधारित रोजगार कार्यकमलाई थप प्रभावकारी बनाउन योजना निर्माणको लागि खरिद गर्नु पर्ने निर्माण सामाग्री खरिद गरी उपलब्ध गराउने गरी वजेट व्यवस्था गरिने छ ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व.को वजेट तथा कार्यकम तयार गर्ने सन्दर्भमा तपशिल बमोजिमको मार्गदर्शनमा आधारित रही वडा कार्यालयहरुलाई कार्यकम तर्जुमाको लागि पठाउने निर्णय गरियो ।

**वडास्तरीय योजना/कार्यक्रम प्रस्ताव गर्दा अपनाउनु पर्ने मार्गदर्शनहरु :-**

१. नयाँ सडक निर्माण तथा पुराना सडकको लम्बाई विस्तार भन्दा निर्मित सडकको स्तरोन्नतीको लागि प्राथमिकता दिनु पर्नेछ ।

२ सडक स्तरोन्नतीको लागि बजेट विनियोजन गर्दा रु ५ लाख भन्दा ठूला योजनामा कम्तिमा ८० प्रतिशत रकम र रु ५ लाख भन्दा कमका सडक योजनामा कम्तिमा ५० प्रतिशत रकम स्टक्चर (नाला, कल्भर्ट, कजवे, मेशिनरीवाल, ग्राभेल वा जाली भर्ने आदि) मा काम गर्ने गरी लागत अनुमान तयार गरी कार्य सम्पादन गरिने छ ।

३. सडकको विस्तारको कार्यक्रम प्रस्ताव गर्दा सडक Alignment मा पर्ने जग्गा धनीहरुबाट निःशुल्क रुपमा जग्गा उपलब्ध हुने गरी मागकर्ताबाट लिखित सहमति समावेश गर्नु पर्नेछ । साथै कुनै पनि स्थानीय सडक कम्तिमा २० फिट चौडाईको हुनुपर्नेछ र भित्री ग्रामीण सडकको केन्द्रबाट ३/३ मिटर दायाँ बायाँ विस्तार हुने सुनिश्चितता कायम गर्नु पर्नेछ ।

४. सिचाई कुलोको कार्यकम प्रस्ताव गर्दा खेतियोग्य जमिनको क्षेत्रफल, जमिन बाँझो नरहेको क्षेत्र र कृषकहरुको सक्रिय सहभागिता हुने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । साथै कम्तीमा ५ प्रतिशत श्रमदानको सुनिश्चितता हुनु पर्ने छ ।

५. खानेपानीका योजना प्रस्ताव गर्दा निर्माण सामग्री, दक्ष मिस्त्री बाहेक अन्य कार्य उपभोक्ता समितिबाट हुने सुनिश्चिता हुनु पर्नेछ । साथै उ.स. बाट ५% भन्दा वढी जनसहभागिता जुटाउने गरी माग भएको कार्यक्रम/योजनालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

६. कृषि र पशु विकासको कार्यक्रममा पकेट क्षेत्र तोकी पेश गर्नु पर्नेछ । यी दुबै क्षेत्रको कार्यक्रम कृषि वा पशु विकास शाखाको सहजिकरणमा कार्यान्वयन गरिने छ । प्राप्त वजेट शिलिङ्गको २० प्रतिशत कृषि र पशु विकासमा विनियोजन गर्नु पर्नेछ ।

७. लक्षित कार्यक्रमको प्रस्ताव गर्दा कार्यकमबाट प्रत्यक्ष लाभ प्राप्त भई उपलब्धि देखिने खालका छनौट गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

८. कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) बस्ती स्तरमा सम्वद्ध सरोकारवालाहरुको व्यापक सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ । भेलाको निर्णय सहितको माइन्यूटको फोटोकपी सहित पेश गर्नु पर्ने छ ।

९. बस्ती स्तरबाट प्रस्तावित आयोजना/कार्यक्रमहरुलाई वडा समिति एवं सरोकारवालाहरुको व्यापक सहभागिता वडास्तरिय आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ ।

१०. कार्यक्रम प्रस्ताव गर्दा ५ वटै विषयगत क्षेत्रलाई समावेश गरेको हुनु पर्ने छ । वडाबाट छनौट भएका आयोजनाहरुको अनिवार्य रुपमा क्षेत्रगत प्राथमिकीकरण गर्नु पर्नेछ । साथै रकम उल्लेख गर्नु पर्नेछ ।

११. प्रशासनिक खर्च, तालिम खर्च, कार्यालय संचालन एवं व्यवस्थापनको लागि न.पा. बाटनै बजेटको व्यवस्थापन गरिने भएकाले यस्ता प्रशासनिक वा कार्यालय संचालन जस्ता कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

१२. चालु आ.व.मा दायित्व रहेको वा विगत देखी भुक्तानी दायित्व रहेको भनि कुनै कार्यक्रम प्रस्ताव गर्न पाईने छैन् ।

१३. वडाबाट गर्न नसकिने प्रकृतिका जटिल संरचना, लागत धैरै हुने, धेरै जनता लाभाविन्त हुने र स्थानीय रोजगारीमा वृद्धि हुने प्रकृतिका कार्यक्रमहरुको अलग सूची संलग्न गरी माग गर्नु पर्नेछ ।

१४. वडा कार्यालयबाट आयोजना/कार्यक्रम सूची नगर कार्यपालिकामा पेश गर्दा वडा समितिका सदस्यहरुको हस्ताक्षर संलग्न हुनु पर्नेछ ।

१५. पूर्वाधार निर्माणमा Cbio -gineering (वायो इन्जिनियरिङ्ग) को लागि सडक आसपासमा पशु आहारामा सहयोगि हुने घास वा विरुवा रोप्ने कार्यक्रम समावेश गरेको हुनु पर्नेछ ।

१६. प्रत्येक वडामा बृक्षा रोपण, भू-संरक्षण तथा जलाधार संरक्षणको कार्यक्रम समावेश गर्नु पर्नेछ ।

१७. प्रस्तावित सवै कार्यक्रम कार्यान्वयनको प्रकृया खुलाउनु पर्नेछ ।

१८ वडामा उपलब्ध गराईएको वजेट शिलिङ्गको कम्तीमा ६० प्रतिशत रकम पूर्वाधार क्षेत्रको विकासमा अनिवार्य रुपमा विनियोजन गर्नु पर्ने छ ।

१९ श्रममा आधारित रोजगार कार्यक्रम (प्रधानमन्त्री रोजगार, युवा स्वरोजगार र मुख्यमन्त्री रोजकार) लाई थप प्रभावकारी बनाउन योजना निर्माणको लागि खरिद गर्नु पर्ने निर्माण सामाग्री खरिद गरी उपलब्ध गराउने गरी वजेट व्यवस्था गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत